फोन नं. ०१-४२४४०४७

त्रिभुवन विश्वविद्यायल
# त्रि-चन्द्र बहुमुखी क्याम्पस
(स्थापित १९७५ वि.सं.)

क्याम्पस प्रमुखको कार्यालय,
सरस्वती सदन, काठमाडौं ।

च.नं.:
पत्र संख्याः-

मितिः २०७७।०५।०५

## शुभकामना सन्देश ।

आदरणीय अभिभावक तथा प्राध्यापक ज्यूहरु,
कर्मचारी मित्रहरु तथा विद्यार्थी भाइबहिनीहरु ।

नेपालको उच्च शिक्षाको आधार स्तम्भ त्रि-चन्द्र कलेज/बहुमुखी क्याम्पस वि.सं. १९७५ सालमा स्थापना भएदेखि यता आफ्ना १०३औं बसन्त पार गरेको कुरा सर्वविदितै छ । यस कलेजले विभिन्न विधामा हजारौं लाखौं जनशक्ति उत्पादन गरेर गौरवशाली इतिहाँस निर्माण गरेको छ । हाल करिब १३ हजार विद्यार्थी अध्ययनरत यस कलेजले आफ्ना सिमित क्षेत्रफलमा स्थापित कमजोर पूर्वाधारका बावजुत पनि निरन्तर शिक्षाको क्षेत्रमा अग्रणी भूमिका निभाइरहेको छ ।

महाभुकम्प २०७२ ले केहि पूर्ण तथा केही आंशिक रुपमा क्षति गरेका भवनहरुको पूनः निर्माणका लागि पटक पटक सम्वन्धित निकायमा अनुरोध गरिएको भएतापनि हालसम्म कुनै सुनुवाई नभएको कुरा जानकारी गराउन चाहन्छु ।

यी विविध दुःख पिडाका साथ पनि त्रि-चन्द्र कलेज आफ्नै गतिमा अघि बढीरहेको परिप्रेक्षमा विश्वभर महामारीका रुपमा फैलिएको कोभिड-१९ को संक्रमणका कारण त्रि-चन्द्र कलेजले आफ्नो १०३औं वार्षिक उत्सव औपचारिक रुपमा मनाउन असमर्थ रहेको कुरा जानकारी गराउन चाहन्छु । सरकारी निकाय साथै त्रि.वि. द्धारा जारी गरिएको कोभिड-१९ सम्वन्धित निर्देशनहरु पालना गर्दै, अमूल्य जीवनलाई सुरक्षित राख्न आ-आफ्नो ठाँउबाट सक्दो कोशिस गर्न हुन तपाईंहरु सबैलाई अपिल गर्दै शुभकामना व्यक्त गर्दछु ।

..............................................
प्रा.डा. सुनील अधिकारी
क्याम्पस प्रमुख
एवं
क्याम्पस परिवार